# स्थानीय राजपत्र

## मेल्लेख गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या १४ मिति २०८२ चैत्र ५ गते**


## भाग १

## मेल्लेख गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८२ को ऐन नं १४

### शिक्षा ऐन २०८२

**<u>प्रस्तावना:</u>** नेपालको संविधानद्वारा स्थानीय सरकारलाई प्रदान गरिएको शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनका लागि यस गाउँपालिकामा आधारभुत तथा माध्यमिक तहको शिक्षाको व्यवस्थापनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम मेल्लेख गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भः

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम मेल्लेख गाउँपालिकाको "शिक्षा ऐन २०८२" रहेको छ।

(२) यो ऐन मेल्लेख गाउँपालिकामा लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) **"अनुमति"** भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ख) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ।



मेल्लेख गाउँपालिका

(ग) **“आधारभूत शिक्षा”** भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(घ) **“गाउँपालिका”** भन्नाले मेल्लेख गाउँपालिका सम्झनु पर्छ।

(ङ) **“तोकिएको” वा “तोकिएबमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(च) **“नियुक्ति गर्ने अधिकारी**” भन्नाले शिक्षक तथा कर्मचारी नियुक्ति गर्न तोकिएको अधिकारी सम्झनु पर्दछ।

(छ) **“प्रारम्भिक बाल शिक्षा”** भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।

(ज) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

मेल्लेख गाउँपालिका

(झ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ञ) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(ट) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(ठ) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ड) **"समावेशी शिक्षा"** भन्नाले दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा र सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित

वातावरणमा दिइने शिक्षा सम्झनु पर्छ।

(ढ) **"समिति"** भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ।

(ण) **"सामुदायिक विद्यालय"** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(त) **"संस्थागत विद्यालय"** भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(थ) **"शाखा"** भन्नाले गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्दछ।

(द) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले

स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

## परिच्छेद-२

## शैक्षिक संस्थाको स्थापना, गाँभ्ने र बन्द गर्ने सम्बन्धी व्यवस्था

३. **बिद्यालयको स्थापना र सञ्चालनः** (१) यो ऐन प्रारम्भ भएपछि देहायका विद्यालयको स्थापना र सञ्चालन गाउँपालिकाले गर्नेछ;

(क) सामुदायिक विद्यालय,

(ख) संस्थागत बिद्यालय,

(ग) सहकारी बिद्यालय र

(घ) गुठी बिद्यालय

(२) उपदफा (१) बमोजिम विद्यालयको स्थापना र सञ्चालन गर्दा राष्ट्रिय मापदण्डको अधीनमा रही गाउँपालिकाले तोकेका मापदण्ड बमोजिम विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितताको आधारमा गर्नु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत तत्काल प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका सामुदायिक विद्यालय यसै ऐन बमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ।

(४) यस दफा बमोजिम बिद्यालय स्थापना गर्दा दफा ६ बमोजिमको बिद्यालय नक्सांकन प्रतिवेदन समेतलाई ध्यान दिनु पर्नेछ।

(५) गाउँपालिकाले आफै वा गाउँपालिका मातहतका कुनै निकायद्वारा सञ्चालन हुने गरी प्राविधिक

शिक्षा तथा ब्यावसायिक तालिम परिषद्द्वारा स्वीकृत छोटो तथा लामो अवधिको पाठ्यक्रमा आधारित प्राविधिक बिषयको अध्यापन सम्बन्धी व्यवस्था गर्न सक्नेछ।

४. **<u>प्रारम्भिक बालविकास केन्द्रः</u>** (१) गाउँपालिकाले राष्ट्रिय मापदण्ड तथा बिद्यालय नक्सांकन प्रतिवेदनको अधीनमा रही विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्ने अनुमति दिन सक्नेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रलाई गाउँपालिकाले प्रत्येक विद्यालयमा न्यूनतम् एक हुने गरी समायोजन तथा पुनर्वितरण गर्न सक्नेछ।

(३) प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था श्रम सम्बन्धी प्रचलित कानुनमा बमोजिम तोकिए बमोजिम हुनेछ।

५. **<u>विद्यालयको स्थानान्तरण गर्ने, गाँभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्नेः</u>** (१) गाउँपालिकाले विद्यालयको नक्साङ्कन गरी विद्यालय स्थानान्तरण गर्ने, गाँभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्न सक्नेछ।

(२) यस दफा बमोजिम विद्यालय स्थानान्तरण गर्ने, गाँभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने निर्णय गर्दा नक्सांकन प्रतिवेदनका आधारमा गर्नेछ।

(३) गाउँपालिकाले यस दफा बमोजिम भए गरेको काम कारबाहीको जानकारी राष्ट्रिय किताबखाना (शिक्षक) र मानव स्रोत तथा विकास केन्द्रलाई दिनेछ।

६. **विद्यालयको नक्साङ्कन गर्नुपर्ने:** (१) गाउँपालिकाले विद्यालय स्थापना, सञ्चालन, सार्ने, गाँभ्ने तथा सेवा क्षेत्र तोक्न विद्यालयको नक्साङ्कन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नक्साङकन गर्दा प्रारम्भिक बालविकास केन्द्र देखी माध्यमिक तहका विद्यालयसम्मको नक्साङ्कन गर्नु पर्नेछ।

७. **विद्यालय नक्साङ्कनका आधार:** (१) दफा ६ बमोजिम विद्यालय नक्साङ्कन गर्दा बिद्यालय नक्साङ्कन सम्बन्धी राष्ट्रिय मापदण्डको अधीनमा रहि देहायका बिषयहरु समेटी स्थानीय मापदण्ड बनाई गर्नु पर्नेछ;

(क) जनसंख्या, विद्यालय बाहिर रहेका विद्यालय जाने उमेर समूहका बालबालिका तथा विद्यार्थी संख्या,

(ख) भौगोलिक अवस्थिति तथा घर र विद्यालयसम्मको दूरी,

(ग) सामाजिक साँस्कृतिक परिवेश,

(घ) भौतिक पूर्वाधार तथा उपलब्ध जग्गा,

(ङ) कार्यपालिकाले तोकेका अन्य विषय।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रहि गाउँ शिक्षा समितिले नक्साङ्न प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनका आधारमा बालबालिकालाई विद्यालय शिक्षामा पहुँच हुनेगरी

विद्यालयहरू एक आपसमा गाँभिने, बन्द गर्ने, कक्षा घटाउने, तह वृद्धि गर्ने, नयाँ विद्यालय खोल्नुपर्ने वा अन्य वैकल्पिक कार्यक्रम सञ्चालन गर्ने विषयमा गाउँपालिकाबाट आवश्यक निर्णय हुनेछ।

८. **<u>बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमनः</u>** (१) कुनै संस्था वा व्यक्तिले बिद्यालय बाहिर ट्युसन तथा कोचिङ, कक्षा, शिशु स्याहार केन्द्रको सञ्चालन गर्न चाहेमा गाउँपालिकाको अनुमति लिएर मात्र गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त संस्थाले प्रचलित कानुनद्वारा मान्यता प्राप्त पाठ्यक्रममा मात्र अध्यापन गराउनु पर्नेछ।

(३) यस दफा बमोजिम सञ्चालन हुने शैक्षिक संस्थाहरुको दर्ता अनुमति र नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **<u>विद्यालयको नामाकरण तथा नाम परिवर्तन</u>**ः (१) यस ऐन बमोजिमका बिद्यालयको नामाकरण गाउँपालिका तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवदेवी, तीर्थस्थल वा प्राकृतिक सम्पदाको नामबाट नेपालीपन झल्कने गरी गर्नुपर्नेछ।

(२) नयाँ खोलिने विद्यालयको नामाकरण आफ्नो नामबाट गर्न चाहने व्यक्तिले देहाय बमोजिमको रकम वा घर वा जग्गा विद्यालयलाई सहयोग गरेमा सो विद्यालयको नामाकरण त्यस्तो सहयोग गर्ने व्यक्तिको नामबाट गर्न सकिनेछः -

(क) माध्यमिक वा उच्च माध्यमिक विद्यालयको लागि पैतीस लाख रुपैयाँ वा सो बराबरको घर वा जग्गा,

(ख) निम्न माध्यमिक विद्यालयको लागि बीस लाख रुपैयाँ वा सो बराबरको घर वा जग्गा,

(ग) प्राथमिक विद्यालयको लागि दश लाख रुपैयाँ वा सो बराबरको घर वा जग्गा।

(३) पहिल्यै नामकरण भईसकेको विद्यालयको नामसँग जोडेर विद्यालयको नामकरण गर्न चाहने व्यक्तिले उपदफा (२) बमोजिमको रकम वा सो बराबरको घर वा जग्गा विद्यालयलाई सहयोग गरी पहिलेको नामको पछाडी आफूले प्रस्ताव गरेको नाम जोड्न सक्नेछ।

(४) कुनै बिद्यालयले आफ्नो साविकको नाम परिवर्तन गर्न चाहेमा देहायका कागजात सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ;

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी,

(ख) कम्पनी रजिष्टारको कार्यालयमा नाम परिवर्तन र स्वामित्व परिवर्तन भएको प्रमाणपत्र,

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(घ) विद्यालय स्थापनाको अनुमतिपत्रको प्रतिलिपी,

(ङ) शैक्षिक गुठीको विधान वा कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीको प्रतिलिपी, र

(च) तोकिएका अन्य कागजातहरु।

१०. **<u>बिशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरंतर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था</u>**ः (१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि राष्ट्रिय मापदण्ड

अनुरुपको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीको व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद-३

## विद्यालयको सञ्चालन र व्यवस्थापन

११. **गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहायबमोजिमको गाउँ शिक्षा समिति रहनेछः-

(क) गाउँपालिका अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति -अध्यक्ष

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको एकजना -सदस्य

(ङ) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट कार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र एक दलित सहित दुई जना -सदस्य

(च) आधारभुत, माध्यमिक तह समेटने गरी विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको एकजना महिला सहित दुई जना - सदस्य

(छ) गाउँपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति एकजना -सदस्य

(ज) गाउँपालिका क्षेत्रको नेपाल शिक्षक महासंघका अध्यक्ष/प्रतिनिधि एक जना -सदस्य

(झ) गाउँपालिका अन्तर्गत संञ्चालनमा रहेका संस्थागत, सहकारी र गुठी बिद्यालयका एक एक जना प्रतिनिधी- सदस्य

(ञ) गाउँपालिका भित्रका सेवा निवृत शिक्षक मध्येबाट गाउँपालिकाले मनोनित एक जना -सदस्य

(ट) गाउँ कार्यपालिका सदस्य मध्ये अध्यक्षले मनोनित गरेको एक जना -सदस्य

(ठ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार वडा शिक्षा समितिको संयोजक वा प्रतिनिधि र विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ।

तर, त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन।

१२. **<u>गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकारः</u>** गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ;

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाँभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने,



हेल्लो गाउँपालिका

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक, कर्मचारी, दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने,

(ज) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(झ) बिद्यार्थी, अभिभावक, कर्मचारी र शिक्षकबीच विवाद भएमा त्यसको समाधान गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने तदनुसार अपेक्षित

गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्षसम्म राम्रो नतिजा नल्याउनेलाई नसिहत दिने,

(ट) विद्यालयहरुलाई सामाजिक परीक्षण गर्न लगाउने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

(ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने,

(त) विशेषज्ञहरुको छनौट गरी ठेगाना, फोन, इमेल भएको सम्पर्क सहितको सूची प्रकाशन गर्ने,

(थ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृती र अनुमतीको लागि

गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(द) विद्यालयको नक्सांकन गरी विद्यालय गाँभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने वा कक्षा घटाउने नीति, मापदण्ड तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने,

(ध) अनौचारिक शिक्षा सञ्चालन, सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने,

(प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने,

(फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने,

(ब) विद्यालयमा पठनपाठनको अधिकतम् प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने,

(भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने,



हेल्लो गाउँपालिका

(म) कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(य) विद्यालयहरुलाई सक्षमतामा अधारिता अनुदान दिने वा अनुदान दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहन सहित स्वेच्छिक अवकासको प्रबन्ध गर्ने,

(ल) गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरु बीच स्वस्थ प्रतिस्पर्धा गराई विद्यार्थीहरुको चौतर्फी विकासका लागि अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने,

(व) गाउँपालिका स्तरमा स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक व्यवस्था गर्ने, र

(श) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने।

१३. **वडा शिक्षा समिति सम्बन्धी ब्यवस्था:** वडा स्तरमा देहायबमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछ;

(क) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको (एक जना) -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले मनोनित गरेको (एक जना) - सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका शिक्षक तथा प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको (एकजना महिला सहित दुई जना -सदस्य

(ङ) सम्बन्धित वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको दलित, महिला र अपाङ्गता मध्येबाट (तीन जना) - सदस्य

(च) वडा शिक्षक महासंघ अध्यक्ष/प्रतिनिधि (एकजना) - सदस्य

(छ) सम्बन्धित वडाका वडा सचिव - सदस्य

(ज) वडाको उच्चतम् विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

१४. **वडा शिक्षा समितिको काम कर्तव्य र अधिकारः** वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने,

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ङ) सम्बन्धित वडा भित्रका बिद्यार्थी, अभिभावक, कर्मचारी, र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने,

(च) विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न आवश्यक सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(छ) नक्सांकनको आधारमा विद्यालय गाँभ्ने, सार्ने नाम परिवर्तन गर्ने,

तह/कक्षा थपघट गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने,

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ,

(ञ) प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न सिफारिस गर्ने,

(ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने र

(ठ) वडा स्तरको शैक्षिक तथ्यांक अध्यावधिक गर्ने।

**१५. <u>विद्यालय व्यवस्थापन समिति सम्बन्धी ब्यवस्थाः</u>** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ;

(क) तल उल्लिखित खण्ड (ख), र (घ) ले यसै खण्डको (ख) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष,

(ख) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका कम्तीमा एक जना महिला, एक जना दलित वा अल्पसंख्यक सहित चार जना -सदस्य,

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना -सदस्य,

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य,

(ङ) शिक्षकहरुले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधि एकजना -सदस्य, र

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालय स्तरीय बालक्लबले सिफारिस गरेको माथिल्लो कक्षाको छात्रा र छात्र मध्ये एक जना बालबालिका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रुपमा विद्यालय व्यवस्थापन समितिको बैठकमा सहभागी गराउनु पर्नेछ।

(३) विद्यालय व्यवस्थापन समितिको बैठकमा गाउँपालिका शिक्षा अधिकृतलाई परीवेक्षकको रुपमा भाग लिन पाउनेछन्।

(४) सम्बन्धित विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा बोलाउन सकिनेछ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन्।

(६) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ। यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ।

(७) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(८) उपदफा (१) बमोजिम छानिएको वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।

तर, यसै दफाको उपदफा (२) बमोजिम आमन्त्रित बालक्लब प्रतिनिधिको पदावधी एक बर्षको हुनेछ।

(९) विद्यालय व्यवस्थापन समिति अध्यक्ष हुन सम्बन्धित तह उत्तिर्ण गरी २५ वर्ष उमेर पुरा भएको र उपदफा (१) बमोजिम योग्य भएको हुनु पर्नेछ,

तर, त्यस्तो योग्यता प्राप्त ब्यक्ति नभएमा वा समितिमा आउन अनिच्छुक भएमा उल्लेखित उपदफा (१) को खण्ड (घ) को व्यक्ति समेत अध्यक्षका लागि योग्य मानिनेछ।

१६. **सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका

शिक्षकलाई हाजिर गराई काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) गाउँ शिक्षा समितिबाट तोकिएको सूचिकृत लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने, गराउने,

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

(ड) तोकिएबमोजिम दरवन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन र विभागीय कारवाही गर्ने,

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(त) विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न र सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक संघ गठन गर्ने,

(थ) नेपाल सरकार वा गाउँपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाई तोकिएको तलव भत्ता प्रदान गर्ने,

(द) नियमित अनुगमन गर्ने,

(ध) विद्यालय भर्ना अभियान तथा अभिभावकीय शिक्षा सञ्चालनमा अगुवाई गर्ने र

(न) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

१७. **शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरु सदस्य

रहेको देहाय बमोजिमको एक शिक्षक-अभिभावक संघ रहनेछ।

(क) अभिभावकहरुको भेलाबाट छनौट भएको व्यक्ति -अध्यक्ष,

(ख) बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष -सदस्य,

(ग) सम्बन्धित वडा समितिले तोकेको वडाको जनप्रतिनिधि एक जना -सदस्य

(घ) अभिभावकहरुको भेलाबाट छनौट भएका एक महिला र एक जना दलित सहित तीन जना -सदस्य

(ङ) सम्बन्धित बिद्यालयका शिक्षकहरु मध्येबाट छनौट भएको एकजना शिक्षक प्रतिनिधि -सदस्य

(च) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित तीन जना -सदस्य

(छ) सम्बन्धित बिद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

मेल्लेख गाउँपालिका

(२) उपदफा (१) बमोजिम गठित समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि संघ आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **शिक्षक अभिभावक संघ कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** (१) कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) विद्यालयको शैक्षिक गतिविधि बारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तर्क्रिया गर्ने।

(२) संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस दफा बमोजिम शिक्षक-अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ।

१९. **सामुदायिक बाहेक अन्य विद्यालयको व्यवस्थापन समितिः** सामुदायिक बाहेक अन्य संस्थागत, नीजि बिद्यालयको व्यवस्थापन समिति गठन त्यस्तो बिद्यालय सञ्चालन गर्ने प्रबन्ध पत्र वा नियमावली वा विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

२०. **शिक्षा सुधार योजनाः** (१) यस ऐनको कार्यान्वयनका लागि गाउँपालिकाले गाउँ शिक्षा योजना बनाई लागु गर्नेछ।

(२) उपदफा (१) बमोजिमको योजना कार्यान्वयनका लागि हरेक बिद्यालयले आ आफ्नो बिद्यालयको बिद्यालय सुधार योजना बनाई कार्यन्वयन गर्नु पर्नेछ।

२१. **विद्यालय सञ्चालन कार्यविधि सम्बन्धी ब्यवस्थाः** (१) यो ऐन र प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरी एक विद्यालय सञ्चालन कार्यविधि बनाई अभिभावक भेलाबाट पारित गराई लागु गर्नु पर्नेछ।

(२) अभिभावक भेलाले सो कार्यविधि आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

(४) विद्यालय सञ्चालन कार्यविधिको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले गाउँपालिका कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) विद्यालयको कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहले पनि हेर्न पाउनु पर्नेछ।

## परिच्छद-४

## सामुदायिक विद्यालयको शैक्षिक प्रशासन तथा शिक्षक, कर्मचारी व्यवस्थापन

२२. **शिक्षा हेर्ने शाखाः** (१) गाउँपालिकामा एक शिक्षा हेर्ने शाखा रहनेछ।

(२) उपदफा (१) बमोजिम शिक्षा हेर्ने शाखाको दरबन्दी संरचना गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार हुनेछ।

(३) यस दफा बमोजिम शिक्षा हेर्ने शाखाको मुख्य कार्यहरु देहाय बमोजिम हुनेछन्;

**(क) शैक्षिक योजना, कार्यक्रम तथा नीतिगत कार्य**

(१) औपचारिक, अनौपचारिक, प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय तथा अनुगमन,

(२) विद्यालय शिक्षाको पाठ्यक्रम कार्यान्वयन तथा शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन, र

(३) विपन्न तथा शिक्षाको पहुँचबाट वञ्चित समूहका लागि समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन/समन्वय।

**(ख) विद्यालय अनुगमन, मूल्याङ्कन तथा गुणस्तर सुनिश्चितता**

(१) सामुदायिक, संस्थागत, सहकारी, गुठी विद्यालयहरूको स्थलगत निरीक्षण, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन,

(२) निरन्तर तथा आवधिक मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा गुणस्तर सुधारका उपाय,

(३) नयाँ विद्यालय खोल्ने, स्थानान्तरण गर्ने र कक्षाथपका लागि मापदण्ड आधारमा मूल्याङ्कन, र

(४) विद्यालय स्थलगत भ्रमण र वार्षिक प्रतिवेदनको विश्लेषण गरी सुझाव।

**(ग) शिक्षक तथा विद्यालय व्यवस्थापन**

(१) शिक्षक दरबन्दी मिलान, शिक्षक/कर्मचारी तालिम, कार्यसम्पादन मूल्याङ्कन र अभिलेख अद्यावधिक,

(२) शिक्षक कर्मचारीहरुको सरुवाको सिफारिस तथा आवश्यक व्यवस्थापन गर्ने,

(३) स्थायी शिक्षकको मूल्याङ्कन, बिदा रेकर्ड, तलब भत्ता, अनुदान विवरण व्यवस्थापन,

(४) प्रधानाध्यापक नियुक्ति तथा शिक्षक छनौट प्रक्रियामा सहभागी हुनु पर्ने,

(५) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन/पुनर्गठनमा सहजीकरण, र

(६) विद्यालयसँग सम्बन्धित विवाद, उजुरी तथा द्वन्द्व व्यवस्थापन।

**(घ) विद्यार्थी हित, पहुँच र प्रोत्साहन कार्यक्रम**

(१) छात्रवृत्ति, विद्यार्थी प्रोत्साहन तथा विद्यालयमा भर्ना प्रोत्साहन कार्यक्रम,



मेल्लेख गाउँपालिका

(२) विपन्न बालबालिकालाई विद्यालय जान प्रेरित गर्ने कार्यक्रम सञ्चालन, र

(३) बालगृह, पुनःस्थापना केन्द्र, दिवा केन्द्र, शिशु स्याहार र बाल विकास केन्द्रहरूको अनुमति, सञ्चालन, अनुगमन र नियमन।

**(ङ) शैक्षिक पूर्वाधार तथा स्रोत व्यवस्थापन**

(१) विद्यालयकै भवन, कक्षाकोठा, खेलमैदान, प्रयोगशाला, पुस्तकालय र जग्गा जमिन सम्बन्धी अभिलेख अद्यावधिक,

(२) पूर्वाधार निर्माण तथा मर्मत सम्भारका आवश्यकता पहिचान, सिफारिस र समन्वय,

(३) शैक्षिक सुधार तथा अन्य भवन/कक्षाकोठा निर्माण कार्यक्रमको प्रशासनिक काम, र

मेलौली गाउँपालिका

(४) बिद्यालयमा खानेपानी तथा सरसफाई सेवाको व्यवस्थापन।

**(च) युवा विकास तथा खेलकुद कार्यक्रम**

(१) युवा जागरण, सशक्तीकरण, नेतृत्व विकास, सीप, उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धन,

(२) युवालाई अनौपचारिक/वैकल्पिक सिकाइ र आयमूलक कार्यक्रमसँग आवद्ध गर्ने कार्यक्रम,

(३) खेलकुद विकास, गाउँ स्तरीय प्रतियोगिता सञ्चालन र विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप व्यवस्थापन,

(४) अन्तर विद्यालयीय, राष्ट्रपति रनिङ शिल्ड, अध्यक्ष कप आदि प्रतियोगिता सञ्चालन तथा राष्ट्रिय सहभागिताका

मेल्लेख गाउँपालिका

लागि छनौट मापदण्ड विकास र सिफारिस, र

(५) भाषा, साहित्य, कला, संस्कृति, जात्रा पर्व, सम्पदा तथा ललितकलाको संरक्षण, सम्बर्द्धन र विकास कार्य।

**(छ) समन्वय, EMIS तथा अभिलेख व्यवस्थापन**

(१) विद्यालय, शिक्षक, कर्मचारी र पूर्वाधारका अभिलेख अद्यावधिक तथा एकीकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS) सञ्चालन, र

(२) विद्यालयबाहेकका स्थानीय शैक्षिक संघ संस्था, खेलकुद समूह तथा युवा निकायहरूसँग समन्वय, सहजीकरण, अनुगमन र नियमन।

**(ज) प्रशासनिक तथा संस्थागत व्यवस्थापन**

(१) समिति गठन/पुनर्गठन, योजना निर्माण,



मेल्लेख गाउँपालिका

ऐन/नियम/कार्यविधि निर्माण/संशोधन सम्बन्धी प्रस्ताव सिफारिस,

(२) शाखासम्बन्धी दर्ता चलानी, पत्राचार, फाइल तथा कागजात व्यवस्थापन,

(३) मातहत कर्मचारीको सुपरिवेक्षण र आवश्यक सहजीकरण,

(४) विद्यालय अनुदान, तलब भत्ता, आर्थिक विवरण तयार गरी आर्थिक प्रशासन शाखामा पेस गर्ने,

(५) गाउँ शिक्षा समितिको सचिवालय सञ्चालन र बैठक व्यवस्थापन,

(६) अभिभावक भेला तथा सामाजिक परीक्षणमा सहभागिता,

(७) बिद्यालयको सामाजिक लेखारीक्षण तथा लेखा परीक्षण प्रतिवेदन अनुसार आवश्यक सहजीकरण



मेलौली गाउँपालिका

तथा आवश्यक कारबाही, र

(८) बिद्यालयको लेखा परीक्षक छनौट सम्बन्धी कार्य गरी सम्बन्धित बिद्यालयलाई सिफारिस।

(झ) तालिम प्रबोधिकरण तथा क्षमता विकास कार्यक्रम।

(१) शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापक, शिक्षक तथा बिद्यालय कर्मचारीका लागि क्षमता विकास तालिम सञ्चालन,

(२) शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम र पाठ्यक्रम मूल्याङ्कन सम्बन्धी कार्य, र

(३) यूवाको क्षमता अभिबृद्धि गर्न खेलकुद तथा यूवा सम्बन्धी तालिम सञ्चालन तथा समन्वय गर्ने।

२३. **प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ।

(२) सामुदायिक विद्यालयको प्रधानाध्यापकको योग्यता, छनौट प्रक्रिया संघीय कानुनमा तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको छनोट समितिले छनोट गरेको शिक्षकलाई शिक्षा शाखाले प्रधानाध्यापकमा कामकाज गर्न तोक्नेछ।

(४) यस दफा बमोजिम प्रधानाध्यापकको छनौट सम्बन्धी पाठ्यक्रम र अन्य मापदण्ड आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

२४. **शिक्षक तथा कर्मचारीको दरबन्दी मिलानः** (१) गाउँपालिकाले गाउँपालिका भित्रका सामुदायिक बिद्यालयमा रहेका शिक्षक र कर्मचारीको दरबन्दीलाई बिद्यार्थी संख्या, बिषयगत तथा कक्षागत आवश्यकता र भौगोलिक अवस्थाको समेतका आधारमा मिलान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलान गर्दा गाउँपालिकाले दरबन्दी मिलानका स्पष्ट आधार तथा मापदण्ड र प्रक्रियाहरु संलग्न गरी सो सम्बन्धी कार्यविधि बनाई सोहि बमोजिम गर्नु पर्नेछ।

२५. **शिक्षकको दरबन्दीः** (१) सामुदायिक बिद्यालयमा रहने शिक्षकको दरबन्दी संघीय कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भएता पनि सामुदायिक बिद्यालयमा प्राप्त दरबन्दी परिपूर्ति हुन नसकेको, राष्ट्रिय मापदण्ड बमोजिम शिक्षक बिद्यार्थी अनुपात नमिलेको, शिक्षक बिद्यार्थी अनुपात मिलेको भए पनि

भौगोलिक रुपमा टाढा भई बिषयगत शिक्षकको अभाव भएको र अन्य कुनै कारणले बिद्यार्थीको पठनपाठनमा बाधा परेको अवस्थामा गाउँपालिकाले करार सेवाबाट शिक्षकको परिपुर्ति गर्न सक्नेछ।

(३) यस दफा बमोजिम बरबन्दी बाहेकका करार शिक्षक वा कर्मचारीहरु भर्ना गर्नु परेमा त्यस्ता शिक्षक तथा कर्मचारीको संख्या, लागत अनुमान र आवश्यकताको पुष्टि हुने गरी शिक्षा सम्बन्धी हेर्ने शाखाले पेश गरेको प्रतिवेदन गाउँ कार्यपालिकाको सिफारिसमा गाउँ सभाले पारित गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृत प्रतिवेदनका आधारमा गाउँपालिकाले करार शिक्षकको भर्ना सम्बन्धी कार्यविधि बनाई सोहि अनुसार गर्नु पर्नेछ।

## परिच्छेद-५

## विद्यालयको पूर्वाधार विकास र सम्पत्तिको संरक्षण तथा व्यवस्थापन

२६. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारः** गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन सम्बन्धी छुट्टै मापदण्ड बनाई कार्यान्वयन गर्नेछ।

२७. **विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ।

(२) यस ऐन बमोजिम अनुमति वा स्वीकृती रद्द गरिएको वा कुनै विद्यालयमा गाँभिएको सामुदायिक विद्यालयको सम्पत्ति जुन विद्यालयमा गाँभिएको हो उसैको हुनेछ।

(३) उपदफा (२) बमोजिम जुन बिद्यालयमा गाँभिएको हो त्यस बिद्यालयलाई गाँभिन आएको बिद्यालयको सम्पत्ति तत्काल प्रयोगमा नआउने भएमा गाउँपालिकाले उक्त सम्पत्ति अन्य सार्वजनिक प्रयोजनका लागि प्रदान गर्न वा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम गाउँपालिकाको शिक्षा कोषमा जम्मा गर्न सक्नेछ।

(४) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(५) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(६) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ।

तर, विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ।

२८. **<u>सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः</u>** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ। सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाँभिई

विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्नेछ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको रहनेछ।

## परिच्छेद-६

## विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था

२९. **बजेट तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक वर्ष आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति गाउँ शिक्षा शाखामा समयमा नै पठाउनु पर्नेछ।

३०. **विद्यालय कोषको सञ्चालनः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) विद्यालय कोषको सञ्चालन व्यवस्थापन समितिको अध्यक्ष वा अध्यक्षले तोकेको समिति सदस्य, प्रधानाध्यापक तथा कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ र विद्यालयमा लेखापाल नियुक्त गरिएको अवस्थामा कर्मचारीको सट्टामा लेखापालको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिद्यालय व्यवस्थापन समितिको निर्णयद्वारा माध्यमिक तहको विद्यालय कोषको सञ्चालन प्रधानाध्यापक र लेखापाल वा लेखासम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्न सकिनेछ।

(४) विद्यालय कोषको हिसाब-किताब राख्ने काम प्रधानाध्यापक र लेखा सम्बन्धी कार्य गर्ने कर्मचारीको हुनेछ।

(५) विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम नजिकैको कुनैपनि बैंकमा खाता खोली जम्मा गर्न सकिनेछ।

(६) विद्यालयको सम्पूर्ण खर्च विद्यालय कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

३१. **लेखा परीक्षण गराउने** : (१) व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष गाउँ शिक्षा शाखाबाट नियुक्त लेखा परीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखा परीक्षणको सिलसिलामा प्रधानाध्यापकले विद्यालयको आय व्ययको बहीखाता लेखा परीक्षकले

मागेको बखत जाँच्न दिनु पर्नेछ र निजले कैफियत तलब गरेको कुराको यथार्थ जवाफ समेत सरोकारवालालाई दिनु पर्नेछ।

(३) विद्यालयको आय व्ययको लेखा गाउँपालिकाबाट खटाइएको कर्मचारीले जुनसुकै बखत जाँचबुझ गर्न सक्नेछ। यसरी जाँचबुझ गर्दा खटी आएको कर्मचारीले माग गरेको विवरण देखाउनु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

(४) प्रधानाध्यापकले लेखापरीक्षकबाट प्राप्त प्रतिवेदन शिक्षक तथा अभिभावकको भेला गराई सार्वजनिक गरी त्यस्तो प्रतिवेदन र वासलात नियमित रुपमा गाउँ शिक्षा शाखामा पठाउनु पर्नेछ।

३२. **विद्यालयको काम कारबाहीको सामाजिक परीक्षण गर्ने** : सामुदायिक विद्यालयको काम कारबाही ऐन बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न देहाय तोकिए बमोजिमको एक सामाजिक परीक्षण गर्नुपर्नेछ।

३३. **प्रतिवेदन पेश गर्नु पर्ने:** लेखापरीक्षकले विद्यालयको लेखा परीक्षण गरी सकेपछि देहायका कुराहरु खुलाई सो सम्बन्धी प्रतिवेदन बिद्यालय र गाउँपालिकाको शिक्षा शाखामा एक-एक प्रति पठाउनु पर्नेछ;

(क) सोधनी र कैफियत तलब भएका कुराको जवाफ यथाशीघ्र भए नभएको,

(ख) पेश भएको आय व्ययको हिसाब रीतपूर्वक भए नभएको,

(ग) आय व्ययको स्रेस्ता कानून बमोजिम राखे नराखेको,

(घ) विद्यालयको आय व्ययको लेखा यथार्थ रुपमा देखिने गरी वासलात दुरुस्त भए नभएको,

(ङ) कुनै शिक्षक वा कर्मचारीले कानुन विपरीत कामकाज वा बेहिसाब गरे नगरेको,

(च) विद्यालयको कारोबार सन्तोषप्रद भए नभएको,र

(छ) लेखापरीक्षकले मनासिब र आवश्यक सम्झेको अन्य कुरा।

३४. **बरबुझारथ गर्नेः** (१) विद्यालयको नगदी, जिन्सी मालसामानको लगत, स्रेस्ता राख्ने जिम्मा लिएको शिक्षक सरुवा वा अन्य कारणबाट विद्यालय छोडी जाँदा आफ्नो जिम्मा रहेको नगदी, जिन्सी मालसामानको बरबुझारथ सामान्यतया रमना लिन वा बिद्यालय छाड्न अघि विद्यालयमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने शिक्षकलाई निजले पाउने तलब रोक्का गरी असूल उपर वा सोधभर्ना गरिनेछ।

## परिच्छेद-७

## छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था

३५. **छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने**: (१) विद्यालयले प्रत्येक कक्षामा उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कार वा छात्रबृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) संस्थागत विद्यालयले कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघटाई गरीव, अपाङ्गता भएका, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलव्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु अघि विद्यालयले त्यस्तो छात्रवृत्तिको लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनको छानविन गरी छात्रवृत्ति पाउने विद्यार्थीहरूको छनौट गर्नेछ।

(५) गाउँपालिकाले आफ्नो क्षेत्रका सामुदायिक बिद्यालयबाट अध्ययन गरेका छात्रछात्राका लागि कुनै प्राविधिक बिषयमा स्नातक तहको शिक्षाका लागि मापदण्ड तयार गरी छात्रबृत्ति प्रदान गर्ने व्यवस्था गर्न सक्नेछ।

३६. **माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुने**: सार्वजनिक विद्यालयले माध्यमिक तहसम्मको शिक्षामा देहायका कुनै पनि शीर्षकमा शुल्क लिन हुँदैनः-

(क) विद्यार्थी भर्ना शुल्क,

(ख) मासिक पढाई शुल्क,

(ग) परीक्षा शुल्क,

(घ) पाठ्यपुस्तक बापतको रकम।

## परिच्छेद-८

## पाठ्यक्रम र पाठ्यपुस्तक

३७. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम् मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ।

(२) गाउँपालिका क्षेत्र भित्रका विद्यालयले आफूलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या तोकिएको समयसीमा भित्र गाउँपालिकामा माग गर्नुपर्नेछ।

(३) गाउँपालिकाले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ।

(४) विद्यालयमा बहु पाठ्यपुस्तक लागु हुनेछन्।

(५) शैक्षिक स्तरको न्यूनतम् मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामाग्री, थप स्व-अध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनुपर्नेछ।

३८. **स्थानीय पाठ्यक्रम तर्जुमा गर्नुपर्नेः** (१) आधारभूततह सम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय पाठ्यक्रम लागु गर्दा नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही लागू गर्नु पर्नेछ।

## परिच्छेद-९

## विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन

३९. **बिद्यालाय स्तरीय परीक्षाः** सामुदायिक बिद्यालयहरुको गाउँपालिका स्तरमा प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन तथा नियमन र मूल्याङ्कन सम्बन्धमा गाउँपालिकाले छुट्टै कार्यविधि बनाई लागु गर्नेछ।

४०. **आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालनः** (१) आधारभूत शिक्षाको कक्षा ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरीय हुनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहायबमोजिमको एक परीक्षा समिति गठन गरिनेछ।

(क) शिक्षा शाखा प्रमुख -संयोजक

(ख) आधारभुत तथा माध्यमिक तहको प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनित गरेका दुईजना -सदस्य

(ग) आधारभूत तहको महिला शिक्षकबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना- सदस्य

(घ) शिक्षा शाखाले तोकेको प्राविधिक सहायक वा शाखाले तोकेको कर्मचारी-सदस्य सचिव

(२) उपदफा (२) बमोजिम गठन भएको परीक्षा समितिको कार्यविधि तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-१०

## बिबिध

४१. **अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः** (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

(२) विद्यालयले बालक्लव गठन, परियोजना कार्य, अध्ययन भ्रमण, वनभोज कार्यक्रम, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, संगित शिक्षण, योग अभ्यास, साहित्यिक तथा बहु प्रतिभामूखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

(३) गाउँपालिकामा बिभिन्न बिधाका खेलकुद सम्बन्धी प्रशिक्षण र प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गर्न छुट्टै कार्यविधि बनाई लागु गर्न सक्नेछ।

४२. **गाउँपालिकाले निर्देशन दिन सक्नेः** (१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

४३. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड र निर्देशिका जारी गर्न सक्नेछ।

४४. **आचारसंहिता बनाउनेः** गाउँपालिकाले शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालयको तोकिएबमोजिमको आचारसंहिता लागु गर्नेछ।

४५. **<u>बाधा अडकाउ फुकाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ।

४६. **<u>खारेजी तथा बचाउः</u>** यस गाउँपालिकाले यो ऐन जारी हुनुपूर्व आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनका लागि कार्यपालिकाको निर्णयले गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले**

दिर्घ बहादुर खड्का

नि. प्रमुख प्रशासकीय अधिकृत



मेल्लेख गाउँपालिका